थलारा गाउँपालिका

स्थानीय राजपत्र

खण्डः१ संख्याः२० मितिः २०७९/१०/१८

भाग-२

थलारा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/१०/१८ गतेको बैठकबाट स्वीकृत

## थलारा गाउँपालिकाको विपद(प्रकोप)व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९

थलारा गाउँपालिका विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को नियम ले दिएको अधिकार प्रयोग गरी थलारा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो कार्यविधिको नाम "थलारा गाउँपालिका विपद(प्रकोप)व्यवस्थापन कोष सञ्चालन कार्यविध, २०७९ रहेको छ।"

(२) गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि यो कार्यविधि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) ऐन भन्नाले थलारा गाउँपालिका विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन,२०७५ लाई सम्झनु पर्छ।

(ख) अध्यक्ष भन्नाले थलारा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ग) प्रमुख प्रशासकीय अधिकृत भन्नाले थलारा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(घ) गाउँपालिका भन्नाले थलारा गाउँपालिकालाई सम्झनु पर्छ।

(ङ) राहत भन्नाले प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेतलाई सम्झनु पर्छ।

(च) समिति भन्नाले थलारा गाउँपालिका विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्छ।

३. स्थानीय तह विपद(प्रकोप)व्यवस्थापन कोषको स्थापनाः(१) स्थानीय तह विपद व्यवस्थापनको लागि एक स्थानीय तह प्रकोप व्यवस्थापन कोष रहनेछ।

(२)उपनियम २ बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गरिनेछः
(क) प्रदेश सरकारबाट प्राप्त रकम
(ख) नेपाल सरकार वा स्थानीय सरकारबाट कोषलाई प्रदान गरिएको रकम
(ग) राष्ट्रिय वा अन्तराष्ट्रिय विकास साझेदार, राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्रबाट प्रचलित कानून बमोजिम प्राप्त भएको रकम
(घ) व्यावसायिक संघ संस्थाले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गर्ने रकम
(ङ) सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी. प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत संघ संस्था, राजनीतिक दल, ट्रेड युनियन, नागरिक समाज, निजी क्षेत्र वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम
(च) विपद व्यवस्थाप प्रयोजनको लागि अन्य जुनसुकै स्रोतबाट प्राप्त रकम।
(३) उपदफा २ को खण्ड ग बमोजिमबाट प्राप्त हुने रकम लिनुपुर्ब गाउँ विपद व्यवस्थापन समितिको सिफारिसमा प्रदेश सरकार मार्फत नेपाल सरकारको पुर्व स्वीकृति लिनु पर्नेछ।
(४) उपदफा ३ बमोजिमको कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस नियमावलीको नियम १० बमोजिमको कोषको नाममा रहेको खातामा सिधै जम्मा गर्न सक्ने।
(५) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाले नाम र प्राप्त सहायता रकम सम्बन्धित मासिक विवरण अर्को महिना सार्वजनिक गर्नुपर्नेछ। तर कुनै व्यक्ति वा संस्थाले आफ्नो नाम सार्वजनिक नगर्ने गरी सहायता उपलब्ध गराएको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण मात्र राख्नु पर्नेछ।
४.बस्तुगत सहायता सामाग्रीः(१) कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको बस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा प्राप्त हुन आएको उक्त सामाग्री विपद व्यवस्थापन सम्बन्धि कार्यमा उपयोग हुने देखिएमा त्यस्तो बस्तुगत सहायता सामाग्रीलाई समितिले स्वीकार गर्न सक्नेछ।
(२) उपदफा १ बमोजिम प्राप्त बस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मुल्यलाई कोषको आम्दानीको रुपमा समेत अभिलेख गरिनेछ।
(३) उपदफा १ बमोजिम प्राप्त वस्तुगत सहायता सामाग्री अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामाग्री प्राप्त र स्वीकारोक्तिको भरपाई उपलब्ध गराउनु पर्नेछ।
(४) स्वीकार गरिएको सामाग्रीको विवरण तथा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्बन्धि मासिक विवरण अर्को महिना सार्वजनिक गर्नुपर्नेछ।
तर कुनै व्यक्ति वा संस्थाले आफ्नो नाम सार्वजनिक नगर्ने गरी वस्तुगत सहायता सामाग्री उपलब्ध गराएको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण मात्र सार्वजनिक गरिनेछ।
५. कोषको प्रयोगः (१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्नेछ।
(२) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः-
(क) विपदबाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोज, उद्धार तथा सम्पत्तिको संरक्षण गर्न।
(ख) विपद प्रभावितको तत्कालिन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ताकपडा, औषधी, सरसफाई तथा शैक्षिक सामाग्री जस्ता वस्तुहरु खरिद गरी उपलब्ध गराउन तथा तत्सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्न,
(ग) विपदको कारण स्थायी बसोवास स्थल गुमाएका व्यक्तिहरुको लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनर्स्थापना गर्न,
(घ) विपदको कारणबाट घाइते वा बिरामी भएका व्यक्तिको औषधोपचार गर्न
(ङ) विपदको कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिएको सहायता उपलब्ध गराउन,
(च) विपदको कारण सम्पत्तिको क्षति व्यहोर्नु परेका व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन,
(छ) खोज, उद्धार तथा उपचारका सामाग्रीहरु खरिद तथा भण्डारण गर्न,
(ज) विपदको कारणबाट भएको फोहोरमैला तथा प्रदुषणको विसर्जन गर्न,
(झ) खोज, उद्धार र राहत कार्यको लागि तत्काल सञ्चार तथा यातायात सेवा सुचारु गर्न,

(ञ) प्राकृतिक विपदका घटनामा परी तत्काल उद्दार गर्नुपरेको अवस्थामा गाउँपालिका विपद व्यवस्थापन समितिको निर्णयानुसार उद्धार कार्यको लागि प्रयोग हुने सामाग्रीको खरिद र ढुवानी तथा अन्य खर्च गर्न ।

(ट) विपद तथा प्रकोपको अवस्थामा खटिने सरकारी तथा गैरसरकारी संघ संस्थाका कर्मचारीलाई भ्रमण खर्च वा सुविधा उपलब्ध गराउन ।

६. राहत सहायता वितरणः(१) व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्य आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा १ बमोजिम राहत उपलब्ध गराउनुपुर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारको सदस्यले विपदको घटना र सोबाट आँफु वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको क्षतिको विवरण सहित गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

(३) उपदफा २ बमोजिम निवेदन पेश गर्दा विपदको घटना र सो बाट हुन गएको क्षति नोक्सानीको मुल्य सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न गरिएको हुनुपर्नेछ ।

(४) उपदफा २ बमोजिम पेश भएको निवेदन र उपदफा ३ बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद प्रभावितलाई कोषबाट राहत रकम तथा सामाग्री उपलब्ध गराउँदा विपदको सघनता र व्यापकता, कोषमा जम्मा भएको रकम तथा राहत सामाग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहर्याए बमोजिम हुनेछ ।

(५) उपदफा २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि विपदको कारणले गम्भिर हानी नोक्सानी वा घाईते भई विपद प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारको सदस्यले राहतका लागि निवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराउँदा विपद प्रभावित व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो व्यक्तिलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ ।

(६) विपद प्रभावित व्यक्तिलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

७. कोषको प्रयोग नहुनेः देहायको प्रयोजनको लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

(क) संस्थागत आर्थिक सहयोग प्रदान गर्न ।

(ख) प्रशासनिक कार्य सञ्चालन गर्न ।

(ग) विपद जोखिम न्यनिकरण तथा विपद व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न गराउन ।

परिच्छेद- ३

कोषको सञ्चालन, लेखा तथा लेखापरीक्षण

८. कोषको व्यवस्थापन तथा सञ्चालनः(१) कोषको रकम गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषको खातामा जम्मा हुनेछ ।

(२) उपदफा १ बमोजिमको खाता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुने ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामाग्रीको निकासा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद व्यवस्थापन हेर्ने शाखाको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

९. लेखा तथा लेखापरीक्षणः(१) कोषको आम्दानी तथा खर्च स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम हुनेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुने वा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ र अन्तिम लेखापरीक्षण कार्य महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँपालिकाले कोषको बार्षिक आय व्यय विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित तालुक निकाय समक्ष पेश गर्नुपर्नेछ ।

१०. कोषको रकमको निकासाः (१) समितिले कोषको रकम दफा ५ बमोजिमको प्रयोजनको लागि खर्च गर्ने गरी गाउँपालिका विपद व्यवस्थापन समिति वा अन्य सरकारी निकायलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको कोषको रकम उपलब्ध गराउँदा गाउँपालिकाले आवश्यक शर्त तोक्नेछ ।

(३) उपदफा १ बमोजिमको कोषको रकम उपलब्ध गराउँदा समितिले विपद प्रकोपको सघनता र व्यापकता कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गर्नु पर्नेछ ।

(४) खर्चको लेखा तथा बिल भरपाई जुन प्रयोजनको लागि रकम प्राप्त गरेको हो सो प्रयोजनको लागि मात्र छूट्टै श्रेस्ता खडा गरी प्रचलित कानून बमोजिम राख्नुपर्नेछ।

(५) समितिले रकम निकासा गर्दा जुन प्रयोजनको लागि रकम निकासा गरेको हो सोही प्रयोजनमा मात्र खर्च गर्नेपुर्नेछ। खर्च नभई बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त सम्ममा कोषमा नै रहनेछ।

(६) स्थानीय सरकारको निर्णयबाट विपद व्यवस्थापन कोषबाट खर्च हुने भनी तोकिएको अवस्थामा सम्बन्धित विषयगत शाखा मार्फत दफा ५ बमोजिमको कार्यको लागि सशर्त बजेट उपलब्ध गराईनेछ।

११. रकम फ्रिज नहुनेः(१) ऐनको दफा १२ को उपदफा २ बमोजिम कोषमा जम्मा भएको रकम मध्य आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ।

१२. अभिलेख राख्नेः (१) समितिले कोष परिचालन तथा खर्च सम्बन्धि गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ।

(२) उपदफा १ बमोजिमको अभिलेख समितिको सदस्य सचिवको जिम्मामा रहनेछ।

१३. अनुगमनः यस कार्यविधि बमोजिमको कोषको परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन विपद व्यवस्थापन समिति र गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

१४. निर्देशन दिन सक्नेः गाउँ कार्यपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

१५.ऐन, नियम र कार्यविधि बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयमा थलारा गाउँपालिका विपद जोखिम न्यनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ र प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,

सिद्दराज पण्डित

प्रमुख प्रशासकीय अधिकृत